

©STEVE CREITZ - PROPHECYART.COM

# परमेश्वरको प्रेमको जीत

अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।"
प्रकाश २१:२-४।





परमेश्वरको विरुद्धमा विद्रोह गरेर महान् द्वन्द्व चर्काउने सैतानको कदम द्रुत गतिमा अन्त भइरहेको छ।



त्यो द्वन्द्व कहिलै अन्त्य हुनेछ भनेर हामीलाई अन्धकारमा राखिएको छैनः परमेश्वरले जित्नुहुनेछ र सैतान हार्नेछ।

अन्तिम युद्धहरूको बारेमा बाइबलले स्पष्ट रूपमा वर्णन गरेको छ।



- पीडा र मुक्तिको समय।
- आतङ्क र आनन्दको समय।
- विनाश र न्यायको समय
- जीवन पाउने र मृत्युको समय।
- प्रेम गर्ने र प्रेम पाउने समय

# पीडा र उद्धारको समय

""हाय! त्यो दिन कस्तो डरलाग्दो दिन हुनेछ! त्यस्तो अरू कुनै दिन पनि हुनेछैन। याकूबको निम्ति यो दु:खको दिन हुनेछ, तर ऊ त्यसबाट बचाइनेछ।" यर्मिया ३०:७।

"हामी युगको अन्तमा छौं। येशूले भविष्यवाणी गर्नुभएका चिन्हहरू छिटो छिटो पूरा हुँदैछ। त्यसले येशूको आगमन नजिकै छ भनेर घोषणा गर्दछ। जुन दिनहरूमा हामी बाँचिरहेकाछौं ती दिनहरू गम्भिर र महत्त्वपूर्ण छन्।" एलेन जी. ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ९:११।

ती घट्नाहरू कहिले होलान्?

**प्रकाश २२:११**



जब स्वर्गमा भइरहेको न्यायको काम सिद्धिन्छ र सबैको फैसला हुन्छ तब अनुग्रहको ढोका बन्द हुनेछ।

**यशैया ८:२१+२२; यर्मिया ३०:७**



**पीडाको समय। दुष्टहरू नैतिकता बिना सक्रिय हुनेछ। धर्मीहरूलाई थाहा हुँदैन कि तिनीहरूले क्षमा पाएका छन्।.**

**प्रकाश १५:७+८; भजन २७:५**



पश्चात्ताप नगर्नेहरूमा अन्तिम ७ महामारीहरू खनिनेछ। परमेश्वरको जनहरूलाई पहरा दिएर सुरक्षित राखिनेछन्।

**प्रकाश १६:१४; १ यूहन्ना ३:२+३**



दुवै समूहले येशूलाई भेट्न तयार हुनेछन्। कोही उहाँको विरुद्धमा लड्न र अरूचाहिँ खुशीले भेट्न।

**जब येशूले मध्यस्थताको काम सक्नुहुन्छ र पश्चात्ताप नगर्नेहरूलाई पवित्र आत्माले छोड्नुहुन्छ। प्रत्येक व्यक्तिको भविष्य निर्धारण गरिसकेको हुनेछ। निष्ठावानहरूलाई परमेश्वरले निरन्तररूपमा सहयोग गर्नुहुनेछ र सुरक्षा दिनुहुनेछ। तर दुष्टहरू सैतानकै चाहनामा रहनेछन्। अहिले नै प्रत्येकले कसको सेवा गरिरहेकाछन् भनेर तिनीहरूकै चरित्र, स्वभाव र मिजासले देखाएको हुन्छ।**

# आतङ्कित हुने र आनन्द हुने समय

"तिनीहरूले पहाड़हरू र चट्टानहरूलाई भने, “हामीमाथि खस, र सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट, र थुमाको क्रोधबाट हामीलाई लुकाओ, किनकि उहाँहरूका क्रोधको ठूलो दिन आएको छ, र यसको अगि को खड़ा हुन सक्छ?” प्रकाश ६:१६-१७।

"त्यस दिन तिनीहरूले यसो भन्नेछन्, “निश्चय् उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, हामीले उहाँको निम्ति पर्ख्यौं र उहाँले नै हामीलाई बचाउनुहुनेछ। उहाँ नै परमप्रभु हुनुहुन्छ, उहाँको प्रतिक्षमा हामी रह्यौं वा हामीले भरोसा गऱ्यौं। उहाँले गर्नुभएको उद्धारमा हामी खुशी हुनेछौं र रमाउनेछौं।” यशैया २५:९।

तिनीहरूले परमेश्वरको व्यवस्थालाई तिरस्कार गरे; तिनीहरूले जीवित पानी पाउन अस्वीकार गरे। तर तिनीहरूले फुटेका अर्थात् सुकेका मुहानहरूलाई खन्न थाले। (यर्मिया २:१३)।



अब तिनीहरू न्यायकर्ताको सामु मुखामुख पर्छन्। तिनीहरूले क्रोध र दोष बाहेक अरू केही अपेक्षा गर्न सक्दैन।तिनीहरूलाई कसले मुक्त गर्नेछन् त (यशैया २:१९; प्रकाश ६:१६)।



तिनीहरू परमेश्वरको व्यवस्था प्रति निष्ठावान थिए। तिनीहरूले जीवनको पानी पिएका थिए (प्रकाश २१:६)। अब तिनीहरू तिनीहरूका न्यायकर्ताको सामु मुखामुख पर्छन्। तिनीहरूले मुक्तिबाहेक अर्को कुनै पनि आशा राख्न सक्दैनन्। तब तिनीहरू उहाँको प्रशंसा गरेर प्रफलित कसरी नहुने?

थोरै भएतापनि परमेश्वरका शेष रहेका सन्तान प्रति सैतान रिसाएको छ (प्रकाश १२:१७)

उसले जबरजस्ती सबैलाई उसको पूजा गर्न लगाउँछ र उसका व्यवस्था वा नीतिहरूलाई पालन गर्न लगाउँछ (प्रकाश १३:१५-१७)।

परमेश्वरका बाँकी सन्तान उहाँको व्यवस्था प्रति निष्ठावान् भइ रहन्छन् (प्रकाश १४:१२)

येशूका सबै विरोधीहरूलाई उहाँ आगमनमा नाश गर्नुहुनेछ (प्रकाश १९:११-१५)

थुमासँग युद्ध गर्न उसले संसारीलाई तयार पार्दछ (प्रकाश १७:१२-१४)

उसले उसको परमेश्वरलाई भेटन तयार पार्दछ (आमोस ४:१२))

आफूलाई विश्वास गर्न भक्तजनहरूलाई येशूले आफ्नो साथमा लानुहुन्छ (प्रकाश १९:६-८)

# उजाडको समय

"पूरै पृथ्वी उजाड़ हुनेछ र पूर्ण रूपमा लूटपीट गरिनेछ, किनकि परमप्रभुले नै यो कुरा भन्नुभएको छ।" यशैया ४:४।



जब येशू आउनुहुनेछ तब सबै युगका सन्तहरूको पुनरुत्थान हुनेछ। जीवित र निष्ठावान भक्तहरू परिवर्तन हुनेछन्, र तिनिहिरूसँगै स्वर्गमा उत्रिनेछन् र येशूसँग रहनेछन्। (१ थेस्सोलिनिकी ४:१६-१७)।

येशूको सम्मुख दुष्टहरू सदाको निम्ति मर्नेछन्। तिनीहरूका लासहरू जमिनै मै रहनेछन्। अन्तमा आएर यस पृथ्वीका जीवनको छाप पनि हुनेछैन (यर्मिया २५:३३; प्रकाश १९:१७-२१; यर्मिया ४:२३-२६; यशैया २४:३)।



त्यस समय सैतान र उसका दूतहरूलाई भयानक अन्धकार खाल्डोमा थुनिनेछ ताकि हज़ार वर्षसम्म तिनीहरूले कसैलाई धोखा दिन सक्नेछैनन् (प्रकाश २०:१-३)।
त्यस स्थानलाई ग्रीक भाषमा आबिस वा आबिसोस् abyss or abyssos भनिन्छ। यो पृथ्वीको अवस्था पूर्ण अन्धकार हुनेछ। मानव जीवन बिना सैतानले कसैलाई पनि छल गर्न सक्नेछैन। यस समयमा पतित र विद्रोही स्वर्गदूतहरैले आफ्नो कुकृत्यहरूको समिक्षा गर्न पाउनेछन्। तिनीहरूलाई परिस्थितिले गर्दा बन्दी बनाएको हुन्छ र यस बाँझो पृथ्वीबाट तिनीहरू कहीं जान सक्नेछैनन्।



# जाँचबुझ्को समय

"तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे।" **प्रकाश २०:४।**



यदि उहाँलाई विश्वास गर्नेहरू येशूको दोस्रो आगमन पहिले न्याय भइसकेको र फैसला भइसकेको छ भने नयाँ न्यायको अर्थ के छ र?

शताब्दीयौंदेखि यस संसारमा जन्मेको प्रत्येक मानव प्राणीलाई मुक्ति उपलब्ध गराइरहेको छ, तर त्यसै समय खराब तत्त्वहरूलाई पूरै बढ्न पनि दिइएको छ।



तर येशू आउनुभएपछिको न्यायमा सारा पृथ्वीहरू र निष्ठावान स्वर्गदूतहरूले पाप र विद्रोह प्रति परमेश्वरले न्याय र दयापूर्वक कारोबार गर्नुभएको देख्नेछन्। अब तिनीहरूको सामु सैतानको वास्तविक शासनको नतिजा देख्नेछन्: खाली र उजाड पृथ्वी।

तर द्वन्द्वको समयमा शत्रुको क्षेत्रमा रहेका मुक्ति पाएका सन्तहरूले परमेश्वरको न्याय र दयाको बारेमा देख्न पाउनेछन्। सहस्र वर्षको न्यायमा हामीले परमेश्वरको प्रेमको बारेमा यस्तो पूर्ण ज्ञान पाउनेछौं कि खराब तत्त्वको उदय फेरि कहिल्यै हुनेछैन (नहूम १:९)।

# अमर जीवन र मृत्युको समय

"हेर, त्यो दिन आउँदैछ। त्यो भट्टीझैं दन्कनेछ। सबै हठी र सबै दुष्ट काम गर्नेहरू ठुटाझैं हुनेछन्, र त्यो आउने दिनले उनीहरूलाई आगोमा भस्म गर्नेछ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "त्यसले उनीहरूको एउटै जरा र एउटै हाँगा पनि छोड्नेछैन।" मलाकी ४:१।

"तर मेरो नाउँको आदर गर्ने तिमीहरूमाथि चाहिँ धार्मिकताको सूर्य आफ्ना पखेटामा आरोग्यता लिएर उदाउनेछ। अनि गोठलाई छोड़ेर निस्केका बाछाजस्तै तिमीहरूचाहिँ बाहिर निस्कनेछौ। मलाकी ४:२।

हजार वर्ष पछि दुष्टहरूको पुनरुत्थान हुनेछ। तिनीहरूले सैतानको निर्देशन फेरि पालन गर्नेछन्। तिनीहरूले परमेश्वर र उहाँका जनहरूसँग युद्ध गर्न जानेछन्। तिनीहरूको मनस्थिति परिवर्तन भएको हुँदैन, अनि स्वर्गबाट आगो वर्षिएर ती दुष्ट मानिसहरू, सैतान र पतित स्वर्गदूतहरूको सदाको निम्ति नाश हुनेछ (प्रकाश २०:५-९)।



तर तिनीहरूको विनाश हुनुभन्दा पहिले अन्तिम कानुनी सोधपूछ हुनेछ। सबैको सामु किताव वा पापका लेखाहरू उघारिनेछ। सबैले आफ्ना कुकृत्यहरूलाई देख्न पाउनेछन् र आफूहरू दुष्ट भएको महसुस गर्नेछन्। तिनीहरूले पवित्र आत्माको प्रेमिलो र सुरिलो आवाजलाई तिरस्कार गरेको पनि महसुस गरिनेछ। सबैले परमेश्वरको न्यायलाई स्वीकार गर्नेछन् र उहाँको सामु घुँडा टेक्नेछन् (प्रकाश २०:११-१३; यशैया ४५:२३; फिलिप्पी २:१०)।



अनन्त जीवन नपाउने सजायँ तिनीहरूले पाउँदा तिनीहरूले दोस्रो मृत्युको सामना गर्नुपर्नेछ। त्यसपछि तिनीहरूको पुनरुत्थान नभइकन सदाको निम्ति तिनीहरूको अस्तित्व विलाएर जानेछ (प्रकाश २०:१४-१५; भजन ३७:२०; मलाकी ४:१; यशैया २६:१४)।

मृत्यु र पाप सदाको निम्ति अन्त हुनेछ। यस समय आँखामा बगेका आँशुहरू पूछिनेछ र सदाको निम्ति खुशीको जीवन बितिनेछ (प्रकाश २१:४)।



# माया गर्ने र माया पाउने समय

"परमप्रभु विगत समयमा हामीकहाँ यसो भन्दै देखा पर्नुभयो: "सधैँभरि रहने प्रेमले मैले तँलाई प्रेम गरेको छु। मैले तँलाई दया गरी खिँचेको छु।" यर्मिया ३१:३।

तब अनन्त समयसम्म नयाँ पृथ्वीका हामी के गर्नेछौं त

येशूको क्रूस सारा अनन्त समयसम्म विज्ञानको विषय र गीत हुनेछ।

शान्तमय जमिनहरूमा कलकल गर्ने खोलाहरूका छेउमा परमेश्वरका जनहरूले घर पाउनेछन्

त्यहाँ मुक्तिपाएका बुद्धिजीविहरूले परमेश्वरको अचम्मको सृष्टिका बारेमा चिन्तन गर्नेछन्

मानिसको प्रत्येक क्षमता वा खुबी बिखसित हुनेछ र बढ्नेछ

ज्ञानको उपलब्धिले कुनै पनि बौद्धिक प्राणी थाक्नेछैन वा आफ्ना बलहरू सिद्धिने छैन।

अत्यन्तै उच्च आकाङ्क्षाहरू मूर्तरूपले अघि बढ्नेछन् र सबै जना सन्तुष्ट हुनेछ। पवित्र र उच्चा चाहनाहरू पूरा हुँदै जानेछ


नयाँ उचाइहरूका उदय हुनेछन् जसमाथि सबै विजयी हुनेछ, नयाँ अचम्महरूको सराहना गरिनेछ, नयाँ सत्यहरू बुझ्न थाल्नेछन्, हाम्रा मानसिक, आत्मिक र शारीरिक क्षमताहरूलाई तीखो पार्नेछ।

ती जीवहरूले शताब्दीयौंसम्म सोचेका ज्ञानका भण्डारलाई उपलब्ध गराइनेछ। तिनीहरूको बारेमा बुझ्ने क्रम जारी हुनेछ।

स्पष्ट आँखाले तिनीहरूले सृष्टिको महिमाको बारेमा सोच्न पाउनेछन्। परमेश्वरको सिंहासनको वरिपरि रहेका सूर्य, तारा र नेत्रहरूको बारेमा सिकिरहनेछन्।







Extracted from "The Great Controversy", pp. 651, 666, 668, 675, 677, 678)

"महान् द्वन्द्वको अन्त्य भयो। पाप र पापीहरू फेरि कहिल्यै हुनेछैन। सारा जगत ब्रम्हाण्ड नै सफा हुनेछ। बिशाल सृष्टिका एकै सुर र खुशीका धड्कनहरू चल्नेछन्। सबै सृष्टि गर्नेहरूबाट जीवन, ज्योति र आनन्द बगिनेछ। शुक्ष्म एटमदेखि पृथ्वीका अत्यन्तै बिशाल थोकहरू सबै जीवित र अजिवितहरूले छायाँ नभएको सौन्दर्यतालाई देखेर अत्यन्तै रमाउनेछन् र परमेश्वर प्रेम हुनुहुन्छ भनेर तिनीहरूले घोषणा गर्नेछन्। "



एलेन जी. ह्वाइट, द ग्रेट कन्त्रोभर्सी पृ. ६७८।